व्यास नगर कार्यपालिकाको २३७ औं बैठक आज मिति२०८३/२/७ गते नगर प्रमुख श्री वैकुण्ठ न्यौपानेज्यूको अध्यक्षतामा बसी तपसिलको उपस्थितिमा निम्नानुसारको निर्णयहरु गरियो।

<u>उपस्थिति</u>

| | | |
|---|---|---|
| नगरप्रमुख | - श्री वैकुण्ठ न्यौपाने | उपस्थित |
| उपप्रमुख | - श्री इन्दिरा दरै | उपस्थित |
| वडा अध्यक्ष वडा नं.१ | - श्री रमेशचन्द्र हड्खले | उपस्थित |
| वडा अध्यक्ष वडा नं.२ | - श्री काशीराम श्रेष्ठ | उपस्थित |
| वडा अध्यक्ष वडा नं.३ | - श्री अनुप राना | उपस्थित |
| वडा अध्यक्ष वडा नं.४ | - श्री मनबहादुर गुरुङ्ग | उपस्थित |
| वडा अध्यक्ष वडा नं.५ | - श्री विष्णुकुमार श्रेष्ठ | उपस्थित |
| वडा अध्यक्ष वडा नं.६ | - श्री जीवन गुरुङ्ग | उपस्थित |
| वडा अध्यक्ष वडा नं.७ | - श्री कृष्णप्रसाद न्यौपाने | उपस्थित |
| वडा अध्यक्ष वडा नं.८ | - श्री युवराज गुरुङ्ग | उपस्थित |
| वडा अध्यक्ष वडा नं.९ | - श्री सुरेश थापा | उपस्थित |
| वडा अध्यक्ष वडा नं.१० | - श्री खेमराज पोखेल | उपस्थित |
| वडा अध्यक्ष वडा नं.११ | - श्री दलबहादुर दुरा | उपस्थित |
| वडा अध्यक्ष वडा नं.१२ | - श्री बमबहादुर आले | उपस्थित |
| वडा अध्यक्ष वडा नं.१३ | - श्री बसन्त आले | उपस्थित |
| वडा अध्यक्ष वडा नं.१४ | - श्री काजीमान श्रेष्ठ | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री चन्द्रमाया परियार | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री नरीमाया राना | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री ज्ञानुमाया सुनार | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री कमला घर्ती | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री किस्नादुरा गुरुङ्ग | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री चेतबहादुर दरै | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री निला घिमिरे | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री रनसिं नेपाली | उपस्थित |
| सचिव | - श्री सुकदेव लम्साल | उपस्थित |
| प्रशासकीय अधिकृत | - श्री रामचन्द्र हड्खले | उपस्थित |

प्रस्तावहरु

प्रस्ताव नं.१: मिति २०८३/१/६ गते भएको कार्यपालिका बैठक समेतको समीक्षा सम्बन्धमा ।
प्रस्ताव नं.२: आ.व. २०८३/०८४ का लागि बजेट तर्जुमा सम्बन्धी पूर्व तयारी परामर्श बैठकमा सम्बन्धमा ।
प्रस्ताव नं.३: SEE नतिजाको विश्लेषण सम्बन्धमा ।
प्रस्ताव नं.४: शिक्षा ऐन, २०२८ सम्बन्धमा ।
प्रस्ताव नं.५: समायोजन भएका विद्यालयका शिक्षक, कर्मचारी र दरबन्दी मिलान सम्बन्धमा ।
प्रस्ताव नं.६: राजश्व सम्भाव्यता अध्ययन सम्बन्धमा।
प्रस्ताव नं.७: गरिब घरपरिवार पहिचान गुनासो सुनुवाई सम्बन्धमा ।
प्रस्ताव नं.८: आ.व. २०८२/०८३ को बैशाख मसान्तसम्मको आय-व्यय प्रगति विवरण सम्बन्धमा ।
प्रस्ताव नं.९: खरिद सम्बन्धी र उपभोक्ता समिति सम्बन्धी कार्य सञ्चालन कार्यविधि पारित गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.१०: बेरुजुहरु फछ्र्यौट सम्बन्धमा ।
प्रस्ताव नं.११: होमस्टे दर्ता अनुमति सम्बन्धमा ।
प्रस्ताव नं.१२: योजना परिवर्तन सम्बन्धमा ।
प्रस्ताव नं.१३: श्रोत सुनिश्चित गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.१४: स्थानीय तहले कम्पनी दर्ता तथा शेयर खरिद गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.१५: पुलिमन्याङ शहिद पार्कको पर्खालबाट बस्ती असुरक्षित भएको सम्बन्धमा ।
प्रस्ताव नं.१६: समता दिवस आयोजना गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.१७: जलवायु परिवर्तन सम्बन्धमा अभिमुखीकरण सम्बन्धमा ।
प्रस्ताव नं.१८: स्वास्थ्य क्लिनिकमा सेवा थप सम्बन्धमा ।
प्रस्ताव नं.१९: दलित व्यवसाय प्रवर्द्धनको अनुदान सम्बन्धमा ।
प्रस्ताव नं.२०: कफी खेतीमा अनुदान दिने सम्बन्धमा ।
प्रस्ताव नं.२१: व्यास १३ को कटन टोलमा सरसफाई केन्द्र व्यवस्थापनको जग्गा खरिद सम्बन्धमा ।
प्रस्ताव नं.२२: विपद्जन्य एवं अत्यावश्यक कार्यमा रकम विनियोजन सम्बन्धमा ।

**निर्णयहरु:**

**निर्णय नं.१:** प्रस्ताव नं.१ का सम्बन्धमा छलफल हुँदा मिति २०८३/१/२२ गते भएको २३६ औं कार्यपालिकाका निर्णयहरु कार्यालयको सेवा प्रवाह सम्बन्धमा समीक्षा गरियो ।

**निर्णय नं.२:** प्रस्ताव नं.२ का सम्बन्धमा छलफल हुँदा आ.व.२०८३/०८४ का लागि बजेट तर्जुमा सम्बन्धी पूर्व तयारी परामर्श बैठकमा आ.व.२०८२/०८३ को प्रगती विवरण अनुमानित आयको खाका प्रस्तुत एवं कार्यालय प्रमुखलाई जिम्मा दिने सरोकारवालाहरुको राय सल्लाह लिने, साथै सोही दिन व्यास नगरपालिकालाई खोप सुनिश्चित नगरपालिका घोषणा गर्ने तयारी गर्न स्वास्थ्य तथा जनसंख्या शाखालाई जिम्मा दिने निर्णय गरियो ।

**निर्णय नं.३:** प्रस्ताव नं.३ का सम्बन्धमा छलफल हुँदा २०८२ सालको व्यास नगरपालिका भित्रका SEE नतिजाको विद्यालयगत विश्लेषण गरी अधिकांश विद्यालयमा विज्ञान र गणित विषय कमजोर देखिएकाले मा.वि. तहका सम्बन्धित शिक्षक, विद्यालय व्यवस्थापन समिति अध्यक्ष र प्र.अ. हरुलाई सहभागी गराई नतिजाको समीक्षा गरी सुधार सम्बन्धमा २०८३/२/१७ गतेसम्म अन्तर्क्रिया कार्यक्रमको व्यवस्थापन गर्न शिक्षा शाखालाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.४:** प्रस्ताव नं.४ का सम्बन्धमा छलफल हुँदा हालसालै नेपाल सरकारबाट शिक्षा ऐन, २०२८ का सन्दर्भमा जारी भएको अध्यादेशमा विद्यालय व्यवस्थापन समितिमा मनोनित २ जना सदस्य हटाइएको हुँदा त्यसलाई कार्यान्वयन गर्न र मनोनित सदस्य मध्येबाट अध्यक्ष रहेको भए बाँकी अवधिका लागि अध्यक्ष मनोनयन गरी पठाउन सबै विद्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.५:** प्रस्ताव नं. ५ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाबाट निर्णय भई समायोजन भएका विद्यालयका शिक्षक, कर्मचारी र दरबन्दी मिलान प्रतिवेदन अनुसार सरुवा भएका शिक्षकहरुलाई कतिपय विद्यालयले सरुवा भई आएको शिक्षक हाजिर नगराएको भन्ने बैठकमा जानकारी हुन आएकाले त्यस्ता विद्यालयमा दरबन्दी काटी निर्णय कार्यान्वयन नहुँदासम्म तलव भत्ता निकासा स्थगन गर्न निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.६:** प्रस्ताव नं.६ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाको राजश्व सम्भाव्यता अध्ययन, करदाता शिक्षा कार्यक्रम र वित्तीय साक्षरता कार्यक्रमको चुनौती र अवसर सम्बन्धमा गरिएको अध्ययन प्रतिवेदन बैठकमा पेश भएकोमा सुझाव सहित पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं.७:** प्रस्ताव नं.७ का सम्बन्धमा छलफल हुँदा नेपाल सरकार भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय सिंहदरवार काठमाण्डौंबाट प्राप्त यस नगरपालिका क्षेत्रभित्रका गरिब घर परिवार पहिचान सम्बन्धी ८३६ परिवारको प्रारम्भिक सूची माथि गुनासो सुनुवाईका लागि नगरपालिका र वडा कार्यालयबाट १५ दिनको म्याद दिई २०८३/१/७ गते सूचना प्रकाशन गरिएकोमा सो सूचना अनुसार नगरस्तरीय गुनासो सुनुवाई समिति मार्फत प्राप्त हुन आएका ११५ परिवारको गुनासोलाई नेपाल सरकार भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालयमा पठाई गरिब परिचयपत्र वितरण गर्ने प्रक्रिया अगाडि बढाईदिनु हुन अनुरोध गर्ने निर्णय गरियो । साथै गरिब परिवार पहिचानको तथ्याङ्क लिन छुट भएका केही नयाँ गरिब घरपरिवार पहिचान सम्बन्धी विवरणहरु प्राप्त हुन आएको हुँदा उक्त घरपरिवारलाई पनि परिचयपत्र वितरण गर्ने प्रक्रिया अगाडि बढाइदिनु हुन समेत अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं.८:** प्रस्ताव नं.८ का सम्बन्धमा छलफल हुँदा आ.व.२०८२/०८३ को अनुमानित आय रू.१,७२,५२,०४,५००। मा कुल आयमा २०८३ बैशाख मसान्तसम्म ६४.८२ प्रतिशत प्राप्त भई चालुतर्फ ७१.०३ प्रतिशत, पूँजीगततर्फ ३२.९६ प्रतिशत र कुल ५३.९६ प्रतिशत खर्च भएको साथै आन्तरिक आयमा ५०.८२ प्रतिशत आय भएको बैठकमा जानकारी भई समीक्षा गरियो । साथै आ.व.२०८२/०८३ का लागि नगरपालिकाबाट कुल ७८८ योजनाहरु तय गरिएकोमा बैशाख मसान्तसम्म ३६४ योजनाहरु सम्पन्न भएको (४६.३२ प्रतिशत), ३५९ योजनाहरु सम्झौता भई चालु अवस्थामा रहेका (४५.५५ प्रतिशत), ६४ योजनाहरु सम्झौता हुन बाँकी रहेको (८.१२ प्रतिशत) बैठकमा जानकारी प्राप्त भई समीक्षा गरियो । साथै सम्भव हुने र श्रोत सुचिश्चित भएका योजनाहरु अघि बढाउन सम्बन्धित वडा र पूर्वाधार तथा योजना शाखालाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.९:** प्रस्तावरु नं.९ का सम्बन्धमा छलफल हुँदा हालसालै सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट खरिद सम्बन्धी र उपभोक्ता समिति सम्बन्धी २ वटा नमूना SOP प्राप्त भएकाले उक्त कार्य सञ्चालन कार्यविधि पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं.१०:** प्रस्ताव नं.१० का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाको आ.व.२०८१/०८२ को लेखापरीक्षणको अन्तिम प्रतिवेदन बैठकमा प्रस्तुत भई समीक्षा गरियो । साथै असुलउपर गर्नुपर्ने बेरुजु यथाशिघ्र असुलउपर गर्न कार्यालयलाई निर्देशन दिने पेश्की बेरुजुहरु फछ्र्यौट गर्न सम्बन्धित पक्षलाई पत्राचार गर्ने, सैद्धान्तिक बेरुजुहरु न्यूनीकरण गर्न आवश्यक पहल गर्ने र सो प्रतिवेदन आगामी नगर सभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं.११:** प्रस्ताव नं.११ का सम्बन्धमा छलफल हुँदा होमस्टे दर्ता एवं नियमन कार्यका लागि गठित यस नगरपालिकाको अनुगमन समितिबाट सिफारिस भई आएको हुँदा व्यास नगरपालिका वडा नं.१३ स्थित बेनिकोट भञ्ज्याङ साँस्कृतिक (होमस्टे) घरवास संस्थालाई नियमानुसार दर्ता गरी सञ्चालन अनुमति प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं.१२:** प्रस्ताव नं.१२ का सम्बन्धमा छलफल हुँदा सम्बन्धित वडाहरुले विविध कारणले कार्यान्वयन हुन नसकेका योजनाहरु निम्नानुसार परिवर्तन गर्ने गरी सिफारिस गरी आएकाले आगामी नगर सभाबाट अनुमोदन हुने गरी योजना परिवर्तन गर्ने निर्णय गिरयो ।

| क्र.सं. | वडा नं. | योजना/कार्यक्रमको नाम | परिवर्तित योजना बजेट | शीर्षक नं. | रकम |
|---|---|---|---|---|---|
| १. | २ | अन्तर वडा फुटवल प्रतियोगिता | जेब्रा क्रसिङ निर्माण | १९० | १,५०,०००। |

| | | | | | |
|---|---|---|---|---|---|
| २. | | रू.५,००,०००/- (खर्च शि. २२५२९) | बसपार्क जाने बाटोमा नाला मर्मत तथा स्ल्याव निर्माण | | ५०,०००। |
| ३. | | | फलामे च्याम्बर निर्माण | | ५०,०००। |
| ४. | | | बजेट थप - सिद्धार्थ चोक (बुद्धचोक) पुनःनिर्माण योजना | | ६०,०००। |
| ५. | | | विपद् व्यवस्थापन पुलचोक टोलमा तटबन्धन | | १,९०,०००। |
| ६. | ३ | पोषणमैत्री वडा घोषणा कार्यक्रम रू.२,००,०००/- | ज्वालेश्वर महादेव मन्दिर स्तरोन्नति | २०२ | २,००,०००/- |
| ७. | ७ | देवीथान मोटर मार्ग मर्मत रू.१,००,०००/- | सपाङ्दीदेखि पानी टंकी मोटर मार्ग स्तरोन्नति | ६१२ | १,००,०००/- |
| ८. | ८ | (क) शहिदधर्म मोटर मार्ग (खर्च शीर्षक ३११५९ रू.२,५०,०००/- | शहिद शान्ति बराही मोटर मार्ग नाला निर्माण, ग्राभेल | ६३० | ५,५०,०००/- |
| | | (ख) विविध फुटकर (२४६) (खर्च शि. २२५२९) रू. ३,००,०००/- | | २४६ | |
| ९. | ९ | माहेन्द्री मा.वि. का लागि खानेपानी टंकी निर्माण २०८२/९/२२ को निर्णय शीर्षक ८७६ | माहेन्द्री मा.वि. भवन मर्मत संहार (८७६ रद्द गरी शीर्षक ८७७ कायम) | ८७७ | ३,००,०००/- |
| १०. | १० | वडा पहुँच मार्ग कालोपत्रे (२६१) १०७४ (संशोधित) | वडा पहुँच मार्गमा पक्की नाला निर्माण तथा ह्युम पाइप राख्ने काम | २६१ | ५,००,०००/- |

**निर्णय नं. १३:** प्रस्ताव नं. १३ का सम्बन्धमा छलफल हुँदा निम्न लिखित योजनाहरुमा यस वर्ष विनियोजित रकम भन्दा ल.ई. बढि हुन गएकाले टेण्डर आव्हान गरी यस वर्षको विनियोजित रकमभन्दा बढिको दायित्व आगामी वर्षको बजेटबाट भुक्तानी हुने गरी श्रोत सुनिश्चित गरी नगरसभामा पेश गर्ने निर्णय गरियो ।

(क) व्यास नगरपालिका वडा नं.९, व. शीर्षक नं.९२८ मा तोकिएको योजना “गजौडे कलेस्ती खोला बक्स पुल निर्माण'' मा रू.८०,००,०००। (अक्षेरुपी असी लाख) विनियोजन भएकोमा कलेस्ती खोला वारी-पारीको वस्तीलाई वर्षाद्को समयमा पनि सहज यातायातका लागि खोलामा पुल/कल्भर्ट/बक्स पुल मध्ये सहज सम्भव योजना अघि बढाउन प्राविधिक ल.ई. रू.१,२०,००,०००। (अक्षेरुपी एक करोड बीस लाख) आएकाले हालको रकममा बढिमा थप रू.४०,००,०००। (अक्षेरुपी चालीस लाख) आगामी आ.व. २०८३/०८४ को बजेट कार्यक्रममा दायित्व बहन गर्ने गरी ल.ई. अनुसारको टेण्डर प्रकृया अघि बढाउन पूर्वाधार तथा योजना शाखालाई निर्देशन दिने निर्णय गरियो ।

(ख) व्यास नगरपालिका वडा नं.६ र कास्की जिल्ला रुपा गाउँपालिका वडा नं.३ मा पर्ने बिलमादे खोलामा कल्भर्ट (बक्स पुल) अत्यावश्यक भएकोले यस आ.व. मा शीर्षक नं.९१४ मा रू.२५,००,०००। (अक्षेरुपी पच्चीस लाख) व्यास नगरपालिकाले र रुपा गाउँपालिकाले रू.२५,००,०००। (अक्षेरुपी पच्चीस लाख) समेत रू.५०,००,०००। (अक्षेरुपी पचास लाख) को श्रोत सुनिश्चित भइसकेको तर उक्त पुल निर्माणमा रू.१,००,००,०००। (अक्षेरुपी एक करोड) को ल.ई. नबढ्ने गरी थप दायित्व यस नगरपालिका र रुपा

गाउँपालिकाले आ.व.२०८३/०८४ को बजेटबाट बरावर दायित्व व्यहोर्ने गरी श्रोत सुनिश्चित गरिएकाले टेण्डर प्रकृया अघि बढाउन पूर्वाधार तथा योजना शाखालाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.१४:** प्रस्ताव नं.१४ का सम्बन्धमा छलफल हुँदा नेपाल सरकार उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय कम्पनी रजिष्ट्रको कार्यालयबाट मिति २०८३/१/२५ मा प्रेशित च.नं.१२५२ (२०८२/०८३) को पत्र प्राप्त भई स्थानीय तहले कम्पनी दर्ता र शेयर खरिद गर्न सक्ने जानकारी भएकाले आगामी नग रसभाबाट आवश्यक कानुन तर्जुमा गरी पेश गर्न विधायन समितिलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.१५:** प्रस्ताव नं.१५ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं.८ पुलिमन्याङ टोल विकास संस्था अन्तर्गत रहेको शहिद स्मारक भवनदेखि उत्तरतर्फ आ.व.२०७७/०७८ मा लगाएको पर्खाल माथी पटक-पटक थप भएको जाली ढुङ्गाहरुको बोझ थाम्न नसकी पर्खाल चर्किन गएको र पर्खालको तल केही घरहरुमा मानिसहरु बसोवास गरिरहेकाले वस्ती सुरक्षाका लागि ६० मिटर लामो जाली सहितको ढुङ्गा हटाउन पर्ने देखिंदा प्राविधिकबाट ल.ई. गराई सोही योजनामा रहेको बजेट वा विपद् बजेटबाट तत्काल आवश्यक निर्णय लिन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.१६:** प्रस्ताव नं.१६ का सम्बन्धमा छलफल हुँदा मिति २०८३/२/२१ गते जातीय भेदभाव तथा छुवाछुत उन्मूलन राष्ट्रिय दिवस एवं समता दिवस भएकाले नगरपालिकाका तर्फबाट विशेष कार्यक्रमको आयोजना गर्ने निर्णय गरियो ।

**निर्णय नं.१७:** प्रस्ताव नं.१७ का सम्बन्धमा छलफल हुँदा व्यास न.पा. वडा नं.७, ९, १० र १४ मा सम्बन्धित वडासँग समन्वय गरी वडाका टोल विकास संगठन, वन समिति, विद्यालय प्रतिनिधि, वडास्तरीय राजनैतिक दलका प्रतिनिधिहरु समेत बढीमा ५० जना सहभागीहरुलाई जलवायू परिवर्तन सम्बन्धी अभिमुखीकरण कार्यक्रम गर्न सरसफाई एवं वातावरण विपद् समितिलाई निर्देशन दिने निर्णय गरियो । उक्त कार्यक्रम व्यवस्थापनको जिम्मा कार्यपालिका सदस्य संयोजक श्री चन्द्रमाया परियार, सदस्य श्री रनसिंह नेपाली, नगर सदस्य श्री कमला वि.क., महिला, बालबालिका तथा समाज कल्याण शाखा प्रमुख श्री शर्मिला जमरकट्टेलाई दिने निर्णय गरियो ।

**निर्णय नं.१८:** प्रस्ताव नं.१८ का सम्बन्धमा छलफल हुँदा व्यास न.पा. वडा नं.२ मा सञ्चालित भण्डारी हेल्थ क्लिनिकद्वारा E समूहको प्याथोलोजी सेवा थप गर्न यस नगरपालिकामा निवेदन पेश हुन आएकोले माग बमोजिम सेवा थप गर्न स्वीकृती दिने निर्णय गरियो । श्रोत विपद् चालु कोषबाट खर्च व्यवस्था मिलाउने अनुमति दिइनेछ ।

**निर्णय नं.१९:** प्रस्ताव नं.१९ का सम्बन्धमा छलफल हुँदा दलित समन्वय समितिको मिति २०८३/०२/०६ मा बसेको बैठकले सिफारिस गरे बमोजिम देहायका दलित व्यवसायीहरुलाई व्यवसाय थप प्रवर्द्धनका लागि बजेट शीर्षक नं.२२५२२ बाट निम्नानुसारको अनुदान रकम दिने र सम्झौता प्रकृया अगाडि बढाउन सम्बन्धित शाखालाई निर्देशन दिने निर्णय गरियो ।

| क्र. सं. | नामथर/ठेगाना | व्यवसाय गरेको फर्म/संस्थाको नाम | हालको फर्मको अवस्था | सिफारिस अनुदान रकम |
|---|---|---|---|---|
| १ | सोमबहादुर कामी व्यास-११ | सिम्रन ग्रिल उद्योग | डिल मेशिन २ वटा, वडलिङ मेशिन १ वटा र ग्रान्डर मेशिन २ वटा रहेको पाइयो । सटर/ग्रील/चेनगेट आदि अर्डर अनुसारको फलामका सामग्रीहरु बनाउने साथै स्टिलको रेलिङ बनाई विक्री गर्ने र मर्मत गर्ने गरेको पाइयो ।३ जना कामदारहरुले काम गर्ने गरेको पाइयो । | ४० हजार |

| | | | | |
|---|---|---|---|---|
| २ | सुस्मिता वि.क व्यास-११ | छाप कृषि तथा पशु फर्म | २ वटा पाडा, २ वटा  बंगुर, १२ वटा बाख्रा र ५० वटा जति कुखुरा भएको पाइयो । सुन्तला खेती पनि गरेको र करिब २५० वटा सुन्तलाको बोटहरु भएको साथै ६ वटा मौरीको घार भएको । २ जना जनशक्तिले पनि पशुपालन तथा खेतीपाती राम्रोसँग गरेको पाइयो | ४० हजार |
| ३ | राधिका परियार व्यास-७ (व्यवसाय व्यास-३) | एरिक फायर सेफ्टी स्टोर्स | अग्नी सुरक्षा सम्बन्धी सम्पूर्ण सामग्रीहरु, कन्स्ट्रक्सन सेफ्टी सामग्री, सुरक्षा निकायसँग सम्बन्धित आवश्यक लत्ता-कपडाहरु, जुत्ताहरु आदि सामग्रीहरु रहेको पाइयो । २ जना जनशक्ति खटिएको पाइयो । उक्त व्ययवसाय भाडामा लिई सञ्चालन भएको पाइयो । अग्नि समनयन्त्र रिफिल प्लान्ट समेत भएको पाइयो । | ३० हजार |
| ४ | मिनुमाया वि.क. व्यास-१० | दिपेश मिना कृषि तथा पशु फर्म | ५ वटा गाई, २ वटा पाडापाडी र ३ वटा बाख्रा भएको पाइयो । दैनिक ३० लिटर दुध बिक्री हुने गरेको पाइयो । गाईवस्तुलाई खुवाउनका लागि जैघाँस नेपियर जस्ता घाँसहरु लगाइएको पाइयो । २ जना कामदारहरु रहेको पाइयो । १ वटा घाँस काट्ने मेशिन रहेको पाइयो । | ४५ हजार |
| ५ | कौशल्या परियार व्यास-७ | कलेस्ती टेलरिङ सेन्टर | ३ वटा मेसिन र १ वटा इन्टरलक मेसिन राखेको पाइयो । अर्डर अनुसार सर्ट, पाइन्ट, कुर्ता सुरवाल, चोलो, ब्लाउज र विद्यालयको ड्रेसहरु सिलाउने गरेको पाइयो ।साथै थानका तथा पिसका कपडाहरु पनि रहेको पाइयो । | ४० हजार |
| ६ | अर्जुन परियार व्यास-२ | अर्जुन टेलर्स | दैनिक रुपमा लेडिज र जेन्सका कपडाहरु सिलाई बुन्ने गर्ने । ४ वटा मेशिन, १ वटा इन्टरलक मेशिन र १ वटा पिको मेशिन रहेको पाइयो । आफू सहित ३ जना कामदारहरु राखी व्यवसाय सञ्चालन भएको पाइयो । | ४० हजार |
| ७ | कृष्णबहादुर दर्जी व्यास-२ | सिर्जना टेलर्स | दैनिक रुपमा लेडिज र जेन्सका कपडाहरु सिलाई बुन्ने गर्ने । २ वटा मेशिन र १ वटा इन्टरलक मेशिन रहेको पाइयो । आफूसहित २ जना कामदारहरु राखी व्यवसाय सञ्चालन भएको पाइयो । | ४० हजार |
| ८ | राजेन्द्रकुमार परियार | राजकुमार टेलर्स | ३ वटा सिलाइ मेशिन, १ वटा इन्टरलक मेशिन प्रयोग गरेको पाइयो । सिजन अनुसार | ४० हजार |

| | | | | |
|---|---|---|---|---|
| | व्यास-१ | | आफैं कपडा खरिद गरेर र अर्डर अनुसार जेन्टस र लेडिज कपडाहरु सिलाइ गरेको पाइयो । व्यवसाय शुरु गरेको ५ वर्ष भएको पाइयो । व्यवसायमा २ जना खटिएको पाइयो । | |
| ९ | गोपाल वि.क.<br>व्यास-११ | विकास फर्निचर उद्योग | १ वटा बेन्सो, १ वटा ग्रिन्डल मेशिन र १ वटा सर्कुलर मेशिन रहेको पाइयो । अर्डर अनुसारको काठका सबै सामानहरु बन्ने गरेको पाइयो । ४ जना कामदारहरुले काम गर्ने गरेको पाइयो । काठका सामग्री बनाई बिक्री गर्ने गरेको पाइयो । | ४० हजार |
| १० | सुमित्रा रोका<br>व्यास-९<br>(व्यवसाय व्यास-२) | सान्भी टेलर्स | ३ वटा सिलाइ मेशिन, १ वटा इन्टरलक मेशिन प्रयोग गरेको पाइयो । सिजन अनुसार आफैं कपडा खरिद गरेर र अर्डर अनुसार जेन्स र लेडिज कपडाहरु सिलाइ गरेको पाइयो । महिलाद्वारा सञ्चालित यस व्यवसायमा ५ जना जनशक्ति खटिएको पाइयो । | ४० हजार |
| ११ | दिनेश घले<br>व्यास-२ | सु सन्देश टेलर्स | ५ वटा मेशिन वटा, १ वटा इन्टरलक मेशिन राखेको पाइयो । अर्डर अनुसार सर्ट, पाइन्ट, कुर्ता सलवर, चोलो, ब्लाउज, नेपालको झन्डा, झोला, खादा पेटिकोट र विद्यालयको ड्रेसहरु सिलाउने गरेको पाइयो । ५ जना जनशक्ति खटिएको पाइयो । | ४० हजार |
| १२ | विमला परियार<br>व्यास-२<br>(व्यवसाय व्यास-३) | बि लेडिज टेलरिङ सेन्टर | २ वटा मेशिन, १ वटा इन्टरलक मेशिन राखेको पाइयो । अर्डर अनुसार सर्ट, पाइन्ट, कुर्ता सलवर, चोलो, ब्लाउज , विद्यालयको ड्रेसहरु आदि सिलाउने गरेको पाइयो । २ जना जनशक्ति खटिएको पाइयो । | ३० हजार |
| १३ | बबिता कामी<br>व्यास-७ | प्रविशा फेन्सी एण्ड कस्मेटिक | बच्चा, लेडिज र जेन्स सबै प्रकारका कपडाहरु, कस्मेटिक सामग्रीहरु, जुत्ताका आइटम तथा खेलौनाका सामग्रीहरु रहेको पाइयो । २ जना व्यवसायमा खटिएको पाइयो । | ३० हजार |

<u>**निर्णय नं.२०**</u>: प्रस्ताव नं.२० का सम्बन्धमा छलफल हुँदा वडा नं.६ को मिति २०८३/०१/२४ को निर्णयानुसार आ.व. बजेट शीर्षक २२४ मा कृषि कार्यक्रमका लागि विनियोजित रू.५,००,०००। (अक्षेरुपी पाँच लाख) मध्येबाट रू.१,००,०००। (अक्षेरुपी एक लाख) वडामा सतप्रतिशत अनुदानमा कफी खेती प्रवर्द्धन गर्ने सिफारिसलाई अनुमोदन गर्ने निर्णय गरियो ।

<u>**निर्णय नं.२१**</u>: प्रस्ताव नं.२१ का सम्बन्धमा छलफल हुँदा व्यास १३ कटन टोलमा युगिन कृषि फारामको जग्गा सरसफाई केन्द्रका लागि खरिद प्रकृयाका लागि नेपाल सरकारसँग माग भएकोमा हालसम्म अनुमति प्राप्त नभएकोले

सम्बन्धित जग्गाधनीलाई सो व्यहोराको जानकारी गराई युगिन कृषि फारामले आफ्नो स्वामित्वको जग्गा भोगचलन अन्यत्र विक्री गर्न समेत नगरपालिकाले कुनै रोक, तोक नगरेको जानकारी गराउने निर्णय गरियो ।

**निर्णय नं.२२**: प्रस्ताव नं.२२ का सम्बन्धमा छलफल हुँदा निम्न लिखित विपदजन्य एवं अत्यावश्यक कार्यमा २०८३ आषाढ १० गतेभित्र योजना सम्पन्न गर्ने गरी रकम विनियोजन गर्ने गरियो ।

| सि.नं. | कार्यक्रम | वडा नं. | विनियोजित रकम | खर्च शीर्षक |
|---|---|---|---|---|
| १. | इन्द्रेनी मार्ग मर्मत संहार | १ | ४५,०००/- | मर्मत कोष |
| २. | दरै समाज मौलिक दरै समाज नृत्य प्रतियोगिता | १ | १,००,०००/- | ११६ |
| ३. | कृषि उपज केन्द्रमा सटर र वाल निर्माण | ३ | २,५०,०००/- | ९७८ |
| ४. | मालपोत कार्यालय मसलन्द व्यवस्थापन सहयोग | ३ | १,००,०००/- | ७२ |
| ५. | सेतीमादी बुल्दी घाटमा मर्मत संहार व्यवस्थापन | ३ | ८०,०००/- | मर्मत कोष |
| ६. | ३५० मिटर ह्युम पाइप, नोजल खरिद | ४ | १,५०,०००/- | ८७६ |
| ७. | चिन्तुटार विष्णु बहादुर नामको घरको छाना उडाएको विपद् | ५ | १०,०००/- | विपद् |
| ८. | चिण्टुटार मिर्गे पहरा नाला निर्माण ५० प्रतिशत सहभागिता | ५ | २,००,०००/- | ८६७ |
| ९. | सुशिल कुमार श्रेष्ठ, छाना उडाएको विपद राहत | ७ | १५,०००/- | विपद |
| १०. | शेराभाला मार्ग ह्युम पाइप खरिद | ७ | २३,०००/- | ९७८ |
| ११. | तेन्जेन नुर्बु तामाङ पहिरोबाट घर संरक्षण | ७ | २०,०००/- | विपद |
| १२. | विष्णुमाया गुरुङ, हावाहुरी छाना उडाएको राहत | ७ | १५,०००/- | विपद |
| १३. | रामचन्द्र सुनार, आरन निर्माण सहयोग | ७ | १७,०००/- | ११५ |
| १४. | बाझोखेत सिँचाइ पाइप खरिद | ८ | ४०,०००/- | ८७८ |
| १५. | रिस्ती विकास समाज, विज्ञापन सहयोग | ८ | २०,०००/- | ३६ |
| १६. | धारापानी खेत सिँचाइ पाइप खरिद | ८ | ७०,०००/- | ८७८ |
| १७. | अपाङ्गता झलक वि.क.को सुरक्षार्थ १ कोठे भवन निर्माण | ८ | २,००,०००/- | ११५ |
| १८. | रेनु वि.क. को भैंसीको पाडा अचानक मृत्यु राहत | १० | १२,०००/- | विपद |
| १९. | गौसंरक्षण सरसफाई केन्द्र तारवार | १० | ८०,०००/- | ८६७ |
| २०. | हड्डी संकलन केन्द्र निर्माण | १० | ५,५०,०००/- | ८६७ |
| २१. | तिलचन सार्की जुत्ता बनाउने मेशिन खरिद | ११ | १५,०००/- | ११५ |
| २२. | पुरान डिही टोल बृक्षारोपण व्यवस्थापन | ११ | ६०,०००/- | ७२ |
| २३. | आधारशीला सामाजिक कृषि उद्यमी महिला सहकारी कार्यालय व्यवस्थापन कम्प्युटर, स्क्यानर, यूपिएस खरिद | १२ | १,००,०००/- | ७२ |
| २४. | केशवटार स्वास्थ्य चौकी कार्यालय व्यवस्थापन | १४ | ३२,०००/- | ७२ |
| २५. | स्वास्थ्य चौकीको जग्गाबाट कुलुङ जाने बाटो परिवर्तन गर्ने कार्य | १४ | ९०,०००/- | मर्मत कोष |
| २६. | केशवटार सुडेर मोटर मार्ग मर्मत संहार | १४ | ६०,०००/- | मर्मत कोष |
| २७. | राष्ट्र संरक्षण डट कम अनलाइन पत्रिका सहयोग | | २५,०००/- | ३६ |

***